**सम्वत् २०७८ साल वैशाख ३० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को चौथो बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | यातायात व्यवस्थापन सुधार तथा सूचना प्रणाली सबलीकरण आयोजना स्वीकृत गर्ने। |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय | यातायात व्यवस्थापन सुधार तथा सूचना प्रणाली सबलीकरण आयोजनाको लागि संलग्न दरबन्दी तेरिज बमोजिम कूल तेइस जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ३. | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रादेशिक सडक डिभिजन कार्यालय, खुर्कोटलाई सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमाडी र प्रादेशिक सडक डिभिजन कार्यालय, नुवाकोटलाई धादिङ्ग जिल्लाको सदरमुकाम धादिङ्गवेशीमा स्थानान्तरण गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल वैशाख २० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को तेस्रो बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजश्व भुक्तानी नियमावली,२०७८" स्वीकृत गर्ने। |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय | अपग्रेटेड भेहीकल रजिष्ट्रेशन सिष्टम (भीआरएस) सहितको ट्रान्सपोज म्यानेजमेन्ट ईन्फरमेसन सिष्टम विकास गरी कार्यान्वयन गर्न स्वीकृत गर्ने। |
| ३. | सामाजिक विकास मन्त्रालय | प्रदेश सरकारको व्यवस्थापनमा आएका पाँच अस्पतालको सञ्चालन खर्च र स्थानीय तहका स्वास्थ्य संस्था निर्माणका लागि बजेट रकमान्तर गरी अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| ४. | सामाजिक विकास मन्त्रालय | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले प्रदान गर्ने छात्रवृत्ति बापतको रकम प्रदेश सरकारले अनुदान स्वरूप उपलब्ध गराउने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल वैशाख ७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को दोस्रो बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको सातौं अधिवेशन मिति २०७८ वैशाख ७ गते मंगलवार राती १२:०० बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

**सम्वत् २०७८ साल वैशाख ३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को प्रथम बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | चितवन जिल्लाको माडी नगरपालिका-९, अयोध्यापुरीमा भगवान श्रीरामको मन्दिर निर्माण गर्न रु.३० (तीस) लाख बजेट माडी नगरपालिका, चितवन मार्फत कार्यान्वयन गर्न प्रदेश विनियोजनको ऐन, २०७७ को दफा ५ बमोजिम अख्तियारी प्रदान गर्ने। |
| २. | सामाजिक विकास मन्त्रालय | चालू आ.व. २०७७/०७८ मा संघीय सशर्त अनुदान अन्तर्गत लागत साझेदारीमा आधारित तालिम (स्थानीय तह र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत) सञ्चालन गर्न स्वीकृती दिने। |
| ३. | सामाजिक विकास मन्त्रालय | प्रदेश उच्च शिक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ४. | सामाजिक विकास मन्त्रालय | प्रदेश भित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ लाई संशोधन गर्न बनेको आदेश स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।